स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



संविधान दिवसको विदा पारेर आगामी असोज ३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'खुस्मा'को टिजर सार्वजनिक गरिएको छ । शनिबार युट्युबमार्फत् सार्वजनिक टिजरले फिल्मका शीर्ष अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरीबीचको प्रेम र समर्पणलाई दर्शाएको छ । माओवादी सशस्त्र विद्रोहले गाउँमा पारेको प्रभावलाई पनि टिजरको अन्तिममा देखाउन खोजिएको छ ।

आजको विचार...



विश्वमा... *(दुई पेजमा)*

लोकनारायण सुवेदी

अभिनेत्री मलिका महतले फिल्मी करिअर सुरु गरेको धेरै भएको छैन। उनको पहिलो फिल्म 'यात्रा' २०७५ सालमा आएको थियो। यसपछि 'पानीफोटा' र 'अगस्त्य'मा काम गरेकी उनको चौंथो फिल्म 'सतीदेवी' आगामी भदौ ७ गते प्रदर्शनमा आउँदैछ। अघिल्ला तीन फिल्म उनीमा केन्द्रित थिएनन्। तर, 'सतीदेवी' उनकै काँधमा छ। त्यसैले मलिकालाई आफैंले फिल्म चलाउनुपर्ने दबाब छ। तर, उनलाई कोही एक व्यक्तिका कारण फिल्म चल्ने वा नचल्ने हुन्छ भन्ने लाग्दैन।



❒ वर्ष ३० ❒ अंक २८ ❒ २०८१ साउन २८ गते सोमबार 12 August 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपामा डेंगी संक्रमण बढ्दो

## आठ महिनामा एक सय १५ जनामा डेंगी, एक जनाको मृत्यु

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन २७/पाल्पामा डेंगी संक्रमितको संख्या बढ्दोक्रममा रहेको छ । स्वास्थ्य कार्यालय पाल्पाका अनुसार जिल्लामा दिनहुँ डेंगी संक्रमण बढ्दै गएको हो ।

आठ महिनाको अवधिमा जिल्लामा एक सय १५ जनामा डेंगी संक्रमण पुष्टि भइसकेको स्वास्थ्य कार्यालयका प्रमुख डा.राजेन्द्र गिरीले बताए । उनका अनुसार यो तथ्याङ्क जनावरी १ देखि अगस्ट १० सम्मको हो । यो अवधिमा डेंगी संक्रमणबाट एक जनाको मृत्यु भएको डा.गिरीले बताए । जिल्लामा देखिएका डेंगी संक्रमण मध्ये ७० प्रतिशत पाल्पाका मात्र हुन् । बाँकी अन्य जिल्लाबाट उपचार गराउन आएका बिरामीमा देखिएको हो । पाल्पाका युनाइटेड मिसन अस्पताल, पाल्पा अस्तपाल, लुम्बिनी मेडिकल



कलेज लगायतका अस्पतालमा आएका बिरामीमा डेंगी संक्रमण देखिएको स्वास्थ्य कार्यालयका प्रमुख डा. गिरीले बताए । यी बाहेक कतिपय निजी मेडिकल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमासमेत डेंगीको परीक्षण हुन्छ । स्वास्थ्य कार्यालयले डेंगी संक्रमितको संख्या बढ्दै गएपछि 'लामखुट्टे खोज र नष्ट गर' अभियान र सचेतनालाई तिव्रता दिएको छ । जिल्लाका स्थानीय सरकारले समेत स्वास्थ्य कार्यालयसँगको समन्वयमा विभिन्न सचेतना मूलक कार्यक्रम गर्दै आएका छन् । पानीपर्ने र घाम लाग्ने हुँदा अझ बढी लामखुट्टे सक्रिय हुने भएकाले संक्रमण थप बढ्ने सम्भावना रहेको डा. गिरीले बताए । अझै केही समय अवस्था जटिल रहेकाले संक्रमणबाट बच्न डेंगुको रोकथामका उपाय अपनाउन उनले सबैलाई आग्रह गरेका छन् । लामखुट्टेको टोकाइबाट बच्न पूरा बाहुला भएका लुगा लगाउने, झुलभित्र मात्र सुत्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्न उनले सुझाएका छन् । त्यस्तै, घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिन, खाल्डाखुल्डी पुर्न र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने गमलाको प्लेट, फुलदानी कुलर आदिको पानी कम्तीमा हप्तामा एक पटक फेर्न पनि उनले एनजेडीमार्फत सबैलाई अनुरोध गरे । पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्न, साँझ र बिहान करेसाबारीमा जाँदा, घर बाहिर टहलिँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउनु पर्ने डा. गिरीको भनाई छ । उनका अनुसार डेंगु संक्रमण एडिस जातको लामखुट्टेको टोकाइबाट सर्ने गर्छ । एकासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने, थकान महसुस हुने, वान्ता हुने डेंगु संक्रमणका प्रमुख लक्षण हुन् । चिकित्सकका अनुसार लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगु रोगबाट बच्ने एक मात्र उपाय हो । एडिस लामखुट्टे विशेषत: बिहान र बेलुकी सूर्योदय र सूर्यास्त हुनुभन्दा अगाडि बढी सक्रिय हुने र त्यसैबेला संक्रमण बढी सार्छ । लक्षण देखिएका बिरामीलाई भने तत्काल अस्पताल भर्ना गर्नुपर्ने चिकित्सकहरु बताउँछन् । लामखुट्टेको टोकाइबाट डेंगीबाहेक मलेरिया, औलो, चिकनगुनिया (डेंगीसँग मिल्दाजुल्दो) रोग पनि लाग्न सक्छ ।

### संक्षिप्त समाचार

#### घर भत्किँदा दुईको मृत्यु

**(रासस/एएनआई)**

**करौली,** साउन २७/करौली जिल्लाको नदीदरवाजा क्षेत्रमा आइतबार बिहानको भीषण वर्षाका कारण घर भत्किँदा एक बालकसहित दुई जनाको मृत्यु हुनुका साथै तीन जना घाइते भएका छन् । घटनामा मृत्यु हुनेमा ३५ वर्षीया जाकिर खान र १२ वर्षीया जिया खान रहेका छन् ।

सरकारी अस्पताल करौलीका प्रिन्सिपल मेडिकल अफिसर (पीएमओ) रामकेशले घटनाबारे जानकारी दिँदै भने, 'बिहान ७:१५ बजेतिर अस्पतालमा नदीदरवाजा क्षेत्रमा रहेको घर भत्किएको र भग्नावशेषमा धेरैको ज्यान गएको सुचना आएको थियो । सुरुमा दुईवटा शव जिया खान र उनका बुबा जाकिर खानलाई अस्पताल ल्याइएको हो । घटनामा अन्य तीन ज' उक्त घर भत्किँदा कम्तीमा पाँचजना भग्नावशेषमा पुरिएको र उद्धार कार्यपछि दुई जनाको मृत्यु भएको र तीन जना घाइते भएको प्रहरीले जनाएको छ । लगातारको वर्षाले घर जीर्ण भएको अधिकारीहरुले बताएका छन् । राजस्थानका केही भागहरूमा तीव्र वर्षा भइरहेको छ ।

### पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी बार लगाऔं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समय-समयमा गरौं ।
- पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# श्री ७ सिद्धि विनायक सहयोग समितिमा नयाँ नेतृत्व

## गणेशको रथयात्रा निकाल्न पूर्व तयारी गर्दै समिति

**पाल्पा,** साउन २७/श्री ७ सिद्धि विनायक सहयोग समितिमा नयाँ नेतृत्व चयन भएको छ । तानसेनमा बसेको समितिको बैंठकले आगामी दुई वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गरेको हो ।

बैंठकले अध्यक्षमा केदारलाल श्रेष्ठलाई चयन गरेको छ । जसको उपाध्यक्षमा बसन्तमान सिमाङगैडा, सचिवमा दिपेन्द्र मान थैव, कोषाध्यक्षमा शालिकराम बस्याल, सहसचिवमा सुरज श्रेष्ठ रहेका छन् । सदस्यहरूमा राम बहादुर थापा, सुनिता श्रेष्ठ, दीपा श्रेष्ठ, सन्तोष मान मलेगो, राम बहादुर जिसी, धिरज श्रेष्ठ र मनोनित सदस्यहरुमा हरिबोल भट्टराई, सरस्वती आले चयन भएको समितिले जनाएको छ । त्यस्तै बैंठकले स्थायी आमन्त्रित सदस्यहरु पनि



चयन गरेको छ । जसमा मिलिजुली टोल विकास संस्था, श्री गणेश टोल विकास संस्था, भगवती भिमसेन टोल विकास संस्था, शिवालय टोल विकास संस्था रहेका छन् । बैंठकले सल्लाहकारमा गुठीयारका सदस्य तथा नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, तानसेन -३ का वडा अध्यक्ष बाबु रत्न शाक्य, दीप नारायण श्रेष्ठ, सुर्यलाल शाक्य, भुगोल प्रसाद बैजुलाई चयन गरेको छ । बैठकले यो बर्षको श्री ७ सिद्धिविनायक गणेशको जात्रा खटयात्रा भव्य रूपमा मनाउने निर्णय समेत गरेको छ । समितिले भाद्र ५ गते साँझ ८ बजे जाग्राम निकाल्ने र ६ गते दिउँसो १ बजे रथलाई बजार परिक्रमा गर्ने निर्णय गरेको छ । पाल्पाको पुरानो र ऐतिहासिक जात्रा मध्येका श्रीनगर सिद्धि विनायक गणेशको रथयात्रा पनि एक हो । यो हरेक वर्ष रोपाइँजात्राको भोलिपल्ट मनाइने गरिन्छ । विशेष गरी तानसेनका नेवार समुदायले यो रथ निकाल्ने गर्दछन् । गणेश जात्राको इतिहास ऐतिहासिक भगवती जात्रासँग जोडिएको गुठीयार हिमालदत्त श्रेष्ठले बताए । नेपाली सेनाले जीतगढी युद्धमा विजय प्राप्त गरेको खुसीयालीमा भगवती जात्रा जस्तै गणेशको रथयात्रा निकाल्ने प्रचलन रहेको उनको भनाई छ । श्रेष्ठका अनुसार भगवती जात्राको प्रारम्भ भएदेखि गणेशको रथयात्रा निकाल्ने गरिएको हो ।


## तु-आवश्यकता

सम्पर्क : होटल श्रीनगर (प्रा.) लि.
HOTEL SRINAGAR (P) LTD.
कैलाशनगर-५, तानसेन, पाल्पा

यस होटल श्रीनगर (प्रा) लि. को लागी केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोस् ।

रेष्टुरेण्ट क्यापटेन : २ जना, वेटर : ६ जना

अनुभवीलाई विशेष प्राथमिकता
दरखास्त दिने अन्तिम मिति २०८१ साउन ३२ गते



फोन नं : ०७५-५२००४५, ९८४७१००८१२, ९८४७०४३११६ Email: hotelsrinagar@gmail.com info@hotelsrinagar.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## युवाका समस्या जस्ताको त्यस्तै

आज विश्वभर अन्तर्राष्ट्रिय दिवस मनाइँदै छ । १९९९ देखि विश्भरिका राष्ट्रहरूले उत्सवका रूपमा मनाउँदै आइरहेका छन् । संयुक्त राष्ट्र संघले युवाका मुद्धाहरूलाई स्थापित गर्न प्रत्येक १२ अगस्टलाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा घोषाणा गरेको छ । युवाका सवालहरूमा विश्वका सरकार तथा सरोकारवालालाई सचेत तथा जगारूक गरान यो दिवसको घोषण गरिएको हो ।

नेपालले सन् २००४ देखि यो दिवस मनाउन थालेको हो । संयुक्त राष्ट्र संघको घोषणा अनुसार युवाका मुद्दाहरूलाई स्थापित गर्नकै लागि यो दिवस मनाउने गरिएको छ । यो दिवस मनाउन लागेको पनि यतिका समय भइसक्यो तर युवाका सवाल र समस्या जस्ताका त्यस्तै छन् । युवालाई उच्च प्राथमिकतामा राखेर सरकारले धेरै कार्यक्रम ल्याए पनि ती कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा युवाका समस्या जहाँको त्यहीँ छन् । शिक्षा, स्वास्थ्य र रोजगारी नै युवाका मुख्य समस्या हुन् । रोजगार बनाउनका लागि सरकारले विभिन्न कार्यक्रम ल्याएपनि ती प्रभावकारी कार्यान्वयनका अभावले अलपत्र परेका छन् । मुलुकमा रोजगारी र स्वरोजगारमुखी कार्यक्रम नहुँदा लाखौं युवा विदेशिनु परेको छ । भन्न त युवालाई परिवर्तनका संवाहक, कहिल्यै नहार्ने, जोस जाँगरले भरिपूर्ण भनेर परिभाषित गरिन्छ । राष्ट्रको प्रमुख शक्तिको रूपमा लिइन्छ । हुन पनि देशको कुल जनसंख्यामध्ये झण्डै ३०-४० लाख संख्या युवाकै छ । तर राज्यको कुनै पनि अंगमा तिनको सन्तोषमूलक सहभागिता देख्न सकिँदैन । तिनका यथार्थपरक समस्याहरू खोजिनीति गरी अध्ययन, विश्लेषण र समस्या समाधान गर्ने गतिलो रणनीति राज्यसँग छैन् । बरु आन्दोलन, बन्द-हड्ताल गर्न, भौतिक संरचना तोडफोड गर्न अघि सारिन्छ । युवामा भएभरको क्षमता यस्तै खालका विध्वंसात्मक कार्यमा प्रयोग हुँदै आएको छ । बौद्धिक तथा सकारात्मक क्रियाकलापहरूमा आफ्नो क्षमता प्रस्तुत गर्ने र ध्यान केन्द्रित गर्ने अवसर पाएका छैनन् । यो अत्यन्त दुखको कुरा हो । आजका युवा नै भोलिका राष्ट्रका कर्णधार हुन् । उनीहरूलाई उचित शिक्षा दिक्षा, रोजगारको व्यवस्था गरी नेपालको शान्ति र समृद्धिमा सरिक गराउनु आजको आवश्यकता हो । यसतर्फ सरकार र सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

झुठो बोल्नलाई मात्र हो मुख चाहिने,
सत्यको बयान गर्न त आँखा नै काफी हुन्छ ।
*(विपना ओलीको फेसबुक स्टाटसबाट www.facebook.com/oli.bipana456)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विश्वमा पर्यावरण विनाशको दुष्परिणाम भयावह



लोकनारायण सुवेदी

*मानिसका कारणले जैविक विविधतामा हुनेगरेको नोक्सानी विश्वमा जीवजन्तुको छैटौं सबैभन्दा ठूलो नोक्सानीको कारण बनिरहेको अनुसन्धानमा उल्लेख छ । त्यसले गर्दा जीव जन्तु र बोटविरुवाहरूको एक तिहाइ प्रजाति आउँदा केही शताब्दीभित्र विल्कुलै समाप्त हुन पुग्ने गम्भीर स्थिति छ । यो केवल प्रकृतिको नोक्सानीमात्र हुने छैन त्यसभन्दा अझ बढी त्यस प्रकृतिको नोक्सानीको डरलाग्दो दुष्परिणाम मानिसले पनि उठाउनुपर्नेछ ।*

हुन त प्रकृति नै यो विश्व चराचर जगतको जीवनको मूल आधार र स्रोत हो । त्यसबाटै आजको विश्वको ५० प्रतिशत सकल घरेलु उत्पादन अर्थात आम्दानी अर्थात् जिडिपी प्राप्त हुने गरेको विश्वको तथ्यांक छ तर अब बिग्रदो पर्यावरणको असन्तुलनका कारणले मानव सहयोगी कीटपतंगहरूको तीव्र विनाश भएर गइरहेको छ । त्यसले गर्दा महुरी जस्ता सहयोगी कीरा जो विश्वको झण्डै एक तिहाइ खानाका लागि जिम्मेवार छन् त्यस प्रकारका उपयोगी कीटपतंगको ठूलो संख्यामा गिरावट आइरहेको छ । यसप्रति मानिसहरूले दिनुपर्ने जति ध्यान दिन सकिरहेका छैनन् । यस सम्बन्धी विज्ञ विशेषज्ञ भनिरहेका छन् कि यस बिग्रँदो स्थितिप्रति ध्यान दिन निक्कै ढिलो भइरसकेको र भइरहेको छ ।

तापक्रम बदलिएर आज गर्मी यत्तिका बढेको छ कि बाँदरहरूजस्ता प्रकृतिमै रमाउने जनावहरू पनि गर्मीले गर्दा रूखबाट खसेर मर्न थालेका छन् । उदाहरणका लागि मेक्सिकोको तटीय राज्य तबास्कोमा गएको साता अर्थात् मई महिनाको दोस्रो सातामात्रै १३८ हाउलर जातका बाँदर मृत पाइएका थिए । यतिबेला मेक्सिकोमा तीव्र गर्मी बढेको छ । त्यहाँ गएको मार्चदेखि अहिलेसम्म अत्याधिक गर्मीले गर्दा २७ जना मानिसको मृत्यु भइसकेको छ । यो बढ्दो तापक्रममा अब अलिकति मात्रै वृद्धिहुँदा पनि त्यो जीवजन्तुको ज्यानै जाने स्थिति उत्पन्न हुने गर्दछ भन्ने जानकार विज्ञ बताइरहेका छन् । अमेरिकाको नासा विज्ञान प्रतिष्ठानका अनुसार २१औं शताब्दीको औद्योगिक कालखण्डभन्दा पहिलाको सरदर तापक्रमको तुलनामा गएको वर्ष २०२३ मा पृथ्वीको सरदर तापक्रम २.५ डिग्री बढेको थियो । बितेको दश वर्ष वास्तवमा लगातार बढ्दो गर्मीका वर्ष रहे । बढ्दो गर्मीको यो घातक स्थितिले गर्दा वास्तवमा जैविक विविधतामा अपूरणीय क्षति पुगिसकेको र पुगिरहेको छ ।

**विश्वमा जैविक विविधताका अनेक शत्रु छन्**

हुन पनि विश्व तापमान ( ग्लोबल वार्मिङ)का अतिरिक्त जैविक विविधतामाथि यस्ता अनेक खतरा छन् । बढ्दो प्रकृति-अमैत्री औद्योगिकीकरण र प्रदुषणले पनि जैविक विविधतालाई निरन्तर खतरामा धकेलिरहेका छन् । झण्डै तीन दशक जति पहिला डिसेम्बर १९९३ मा नै संयुक्त राष्ट्र संघले जैविक विविधताको विषयलाई लिएर विश्वभरिका लागि केही महत्वपूर्ण नियम निर्धारण गरिरहेको थियो । अहिलेसम्म त्यस सम्झौतामा १९६ सदस्य सामेल छन् । यसै परिप्रेक्षमा संयुक्त राष्ट्र संघ महासभाले २२ मईका दिनलाई अन्तर्राष्ट्रिय जैविक विविधता संरक्षण दिवस घोषित गरिसकेको पनि हो । किनकि सम्झौताको आरम्भिक मस्यौदा सहमतिमा त्यही दिन हस्ताक्षर भएको थियो । अहिले त्यो सम्झौता विश्वका १९६ देशले मान्दछन् । पूरै विश्वका देशले यो नियमलाई मान्दछन् । अनि गएको २००० सालमै त्यो सहमति बनेको दिनलाई संयुक्त राष्ट्र संघको माहासभाले जैविक-विविधता संरक्षण दिवस घोषणा गरेको थियो । आजको दिनानुदिन बिग्रँदो स्थितिलाई हेर्दा जैविक विविधतालाई लिएर नियम र कानुनहरूलाई अझ कडा र ठोस तुल्याइनुपर्ने विज्ञले बताइरहेका छन् । अहिले विश्वको केवल १७ प्रतिशत जमिन र आठ प्रतिशत सामुद्रिक हिस्सामात्र संरक्षित रहेका छन् । जहाँ जैविक विविधता कथित रूपमा वन विनाश, संशाधाहरूको शोषण र प्रदुषणबाट सुरक्षित छन् । तर, ती संरिक्षत ठानिएका र मानिएका क्षेत्रहरूमा पनि जलवायु परिवर्तन, बाढी, खडेरी र जंगली आगलागी जस्ता खतराले नोक्सान पुऱ्याइरहेको स्थिति छ ।

**समाप्त हुँदैछन् बंगलादेश जत्रा सुन्दरवनका जंगली क्षेत्र**

जैविक विविधता संरक्षण दिवसमा लुप्त प्राय बनेका प्रजातिहरूको सूची जारी गर्ने गरेको संस्था इन्टरनेसनल युनियन फर कन्जरभेसन अफ नेचर (आइयुसिएन) ले सुन्दर वन अर्थात् (मेग्रोब वन)लाई लिएर एउटा अध्ययन जारी राखेको छ । त्यसले भनेको के छ भने जलवायु परिवर्तन, बन फँडानी र प्रदुषणका कारण विश्वका आधाभन्दा बढी यस्ता सुन्दर वन अर्थात मेग्रोब वन समाप्त हुने गम्भीर खतराको सँघारमा पुगेका छन् । त्यो अध्ययन गर्ने संस्थाले पहिलो पटक विश्वका ३७ बेग्लाबेग्लै इलाकामा त्यस्ता सुन्दर वनको अध्ययन गरिसकेपछि यो तथ्यको उजागर गरेको हो । आजको विश्वमा १५ प्रतिशत वन यस्तै तटीय मेग्रिब ( सुन्दर) वन विनाशको घेरमा परेका छन् ।

यस्ता वन पृथ्वीको १.५ लाख वर्ग किलोमिटर क्षेत्रमा फैलिएका छन् । त्यो मिलाउने हो भने अहिलेको बंगालादेश जत्रै क्षेत्र बन्छ । त्यसमा पनि विज्ञहरू ६० प्रतिशत यस्तो वन नराम्रो किसिमले समाप्त हुने संघारमा पुगेको छ भनिरहेका छन् । अध्ययन गर्ने संस्थाका प्रमुख ग्रेथल आगिलारले भनेका छन्, 'यी सबै कुरालाई हेरेर र मिलाएर यस्ता मेग्रोब वनहरूको संरक्षणका बारेमा तुरुन्त कदम चाल्नुपर्ने तीव्र आवश्यकता बनेको छ । यो क्षेत्र विश्वका लाखौंलाख महत्वपूर्ण जीव जन्तुहरूको बासस्थान छ' ।

**विश्वमा प्रकृतिबाटै आउँछ ५० प्रतिशत जिडिपी**

मानिसका कारणले जैविक विविधतामा हुनेगरेको नोक्सानी विश्वमा जीवजन्तुको छैटौं सबैभन्दा ठूलो नोक्सानीको कारण बनिरहेको अनुसन्धानमा उल्लेख छ । त्यसले गर्दा जीव जन्तु र बोटविरुवाहरूको एक तिहाइ प्रजाति आउँदा केही शताब्दीभित्र विल्कुलै समाप्त हुन पुग्ने गम्भीर स्थिति छ । यो केवल प्रकृतिको नोक्सानीमात्र हुने छैन त्यसभन्दा अझ बढी त्यस प्रकृतिको नोक्सानीको डरलाग्दो दुष्परिणाम मानिसले पनि उठाउनुपर्नेछ । सबैलाई थाहा भएकै कुरा हो कि यो जैविक विविधताले विश्व अर्थ व्यवस्थाका लागि पनि अत्यन्तै महत्त्वपूर्ण र प्रत्यक्ष अर्थ राख्दछ ।

संयुक्त राष्ट्र पर्यावरण कार्यक्रमकी उपप्रमुख एलिजाबेथ मारुम मेर्माले एउटा अन्तर्वार्तामा बताएकी छन् कि-विश्वको कूल जिडिपी उत्पादनको ५० प्रशित हिस्सा प्रकृतिबाटै आउँदछ । त्यसैले जैविक विविधताको संरक्षण गर्नाले धरतीमा जीवनको रक्षामात्र हुने होइन आगामी २०३० सम्ममा ४० करोड अतिरिक्त रोजगारी पनि यसबाट पैदा हुनेछ' । आजको विश्वमा यो पनि कम महत्वको कुरा होइन । कीटपतंग नभए खाद्यान्न पनि हुँदैन । विश्वमा कीट पतंगको घट्दो संख्या र खतराको संघारमा पुगेका तिनका प्रजातिहरूलाई लिएर यतिबेला जानकार गम्भीर चिन्ता व्यक्त गरिरहेका छन् । किनभने बोटबिरुवाका लागि अपरिहार्य पराग सेचन अर्थात् 'पोलिनेससन' का लागि ती कीटपतंगको जुन महत्वपूर्ण भूमिका हुन्थ्यो त्यो कम भएर गयो र त्यसले ठूलो प्रभाव पार्न थाल्यो र अझ स्थिति तीव्ररूपमा बिग्रने अवस्था बनेको छ । यही क्रम जारी रहेमा स्थिति निश्चयनै अझ नाजुक हुनेछ । सन् २०१९ मा गरिएको एउटा अध्ययनले पनि के भनेको छ भने केवल आउँदा एक दुई दशकभित्र नै यस्ता कीटपतंगको संख्यामा ४० प्रतिशतले कमी आउनेछ र त्यसको नराम्रो र गम्भीर असर पर्नेछ । विश्वमा यतिबेला विद्यमान खाद्य संकटका बीच थप यस्तो स्थिति उत्पन्न हुनुपुग्नु भयावह परिणाम हुनजानेछ । त्यसले यस विषयमा अहिलेदेखि नै गम्भीर भएर विश्व लाग्नुपर्ने र कीटपतंगको रक्षा गर्न जाग्नुपर्ने स्थिति छ । अहिले विश्वमा पोर्चुगल देश जत्रो क्षेत्रको जंगल हरेक वर्ष काटिँदै फाँडिँदै गएको स्थिति छ । अनि यसरी बनका बोटविरुवा काटिएको क्षेत्रको जैविक विविधतामा पनि ठूलो असर पर्ने कुरा निश्चित छ । यसरी काटिएको जंगलको आधाजसोमा वृक्षरोपण पनि गरिँदो होला । तर, नयाँ लगाइएको जंगलमा पुरानै सरहको जैविक स्थिति बन्न लामो समय लाग्ने हुन्छ र पूर्ववत् जैविक विविधतको स्थितिमा आउन सक्ने सम्भावना कम हुन्छ ।

त्यसैले त्यस्ता वन क्षेत्रमा रहँदै बस्तै आएका समुदायहरू जंगली जमिनमाथिको आृनो हकलाई लिएर सम्झौता गर्न विश्वभरि नै आवाज पनि उठाइरहेका छन् र सम्झौता गर्न चाहन्छन् । त्यसमा उनीहरूले वन सम्पदा जोगाउने, वन्यसंस्कृति कायम राख्ने र वन जंगलको रक्षा र विकास गर्ने कुरा पनि सन्निहीत छ । यस कुरामा दृष्टि पुऱ्याउनुपर्ने आवश्यकता आज अझ बढ्न गएको छ । यसो गरेर वनविनास रोक्न २०३० सम्म हरेक वर्ष ८२४ बिलियन डलरको लगानी गर्नुपर्ने आवश्यकता रहेको बताइन्छ । यो खर्च यो २०२४ को अमेरिकी सेनाको बजेटभन्दा ४० प्रतिशत कम हो तर यत्रो ठूलो खर्च विकासोन्मुख र विकासशील गरिब देशहरू स्वयंले गर्न सक्ने देखिँदैन । त्यसैले अहिले पनि गरिब देशहरूले यस सम्बन्धमा धनी सम्पन्न देशहरूसँग फण्डको याचना गर्नुपर्ने स्थिति छ । अनि यस्तो फन्डमा डलर आवश्यकताभन्दा निकै कम छ र अहिलेसम्म केवल ३०० बिलियन डलरसम्ममै यो सीमित रहेको देखिन्छ । त्यसैले बिगारिएको जैविक विविधता, कीटपतंगको बिलोपन र मानव जीवनकै भविष्य अभूतपूर्व खतरामा पर्न सक्ने यो विषयलाई धरतीवासी सबैले अत्यन्तै गम्भीर भएर सामना गर्न र जोगाउन मन फुकाएर लाग्नुको कुनै विकल्प छैन । पृथ्वी र पर्यावरण जोगिएमात्र आफू पनि जोगिने हो । अरू कुनै उपाय नरहेको आजको वस्तुगत यथार्थ हो ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : ताकेको कार्य पुरा होला । दैनिक कार्यमा प्रगति हुनेछ । | **तुला** : आज धार्मिक यात्राको योगछ । नयाँ कार्यको योजना बन्नेछ । |
| **वृष** : अनावश्यक यात्रा हुनेछ । कार्य सम्पादनमा समस्या आउला । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । |
| **मिथुन** : कान्ति र शान्ति छाउनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ । | **धनु** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। वैदेशिक कार्य अघी बढ्नेछ । |
| **कर्कट** : व्यापारमा वृद्धि हुनुका साथै कार्यलाभका योग पनि देखिन्छन् । | **मकर** : आज रोकिएको कामको गाँठो फुक्नेछ । विद्याको क्षेत्र सबल रहनेछ । |
| **सिंह** : उत्साहका साथै बोली विक्ने समय छ । घरमा अतिथीको आगमन हुनेछ । | **कुम्भ** : बुद्धि र विवेकको प्रयोग गर्न सके दिनलाई सकारात्मक बनाउने समय छ । |
| **कन्या** : अनावश्यक ठाउँमा धन खर्च होला । मालसामान हराउन सक्छ । | **मीन** : विपरीत वर्गप्रति आकर्षण बढ्नेछ। मनोरञ्जनमा सहभागी भइएला । |

# शिक्षा

## विद्यालय वर्गीकरण गर्दै तुलसीपुर उपमहानगरपालिका







तुलसीपुर उपमहानगरपालिकाले निजी विद्यालयलाई वर्गीकरण गर्ने तयारी गरेको छ । त्यसका लागि कार्यविधि बनाउन लागिएको उपमहानगरपालिकाका शिक्षा तथा खेलकुद महाशाखाका अधिकृत मनबहादुर खड्काले बताए । 'नगरप्रमुखबाट सैद्धान्तिक सहमति भइसकेको छ, हामीले अब वर्गीकरणका लागि कार्यविधि बनाउनेगरी तयारी गरेका छौं', उनले भने ।

विद्यालयलाई वर्गीकरण गरेर सोहीअनुसार शुल्क समायोजन गरिने उनको भनाइ छ । अहिले केही विद्यालयले चर्को शुल्क लिएको भन्ने गुनासो व्यापक रहेको भन्दै वर्गीकरण गरेमा त्यो समस्या हटेर जाने अधिकृत खड्काले बताए । 'अहिले शुल्कमा पनि मनोमानी छ, कुन स्तरको विद्यालयले कति शुल्क लिने भन्ने स्पष्ट व्यवस्था छैन', उनले भने, 'त्यो हुँदा अभिभावक मारमा पर्ने अवस्था छ, यसलाई हटाउन हामीले वर्गीकरण गर्ने तयारी गरेका हौं ।' कुन वर्गमा परेको विद्यालयले कति शुल्क लिन पाउने भनेर तोक्नेगरी तयारी रहेको भन्दै यो नयाँ अभ्यास हुने उनको भनाइ छ ।

**सबैभन्दा बढी शुल्क लिने तीन निजी विद्यालय**

तुलसीपुरमा गुरुकुल एकेडेमीले बढी शुल्क लिने गरेको पाइएको छ । केही समयअघि तुलसीपुर उपमहानगरपालिकाभित्र सञ्चालित निजी विद्यालयसँग शुल्क माग गरिएको थियो । सोहीअनुरुप गुरुकुल एकेडेमीले नर्सरीका विद्यार्थीलाई मासिक चार हजार पाँच सय शुल्क लिने गरेको भनी उल्लेख गरेको छ । त्यसभन्दा माथिल्लो कक्षामा एक सयदेखि दुई सयका दरले वृद्धि गर्दै लगेको पाइएको अधिकृत खड्काले बताए । उनका अनुसार कक्षा ९ सम्म गुरुकुलले मासिक पाँच हजार पाँच सय शुल्क लिने गरेको छ । तुलसीपुरको संस्कार पाठशालाले नर्सरी तहमा मासिक तीन हजार पाँच सय मासिक शुल्क लिने गरेको भनी विवरण पठाएको छ । सोही विद्यालयले माथिल्लो कक्षामा नर्सरीको शुल्कमा दुई सयदेखि एक हजारसम्म बढाउँदै लगेको देखिन्छ । उक्त विद्यालयले कक्षा १० मा छ हजार पाँच सय मासिक शुल्क लिने गरेको भनी उल्लेख गरेको छ । आचार्य कुलमले नर्सरीमा मासिक एक हजार नौ सय लिने गरेको उल्लेख गरेको छ । विद्यालयले माथिल्लो कक्षामा प्रत्येक कक्षामा दुई सयका दरले बढाएको विवरणमा देखिएको छ । हाल तुलसीपुर उपमहानगरपालिकाभित्र ६६ वटा निजी विद्यालय छन् । तीमध्ये अन्य विद्यालयले भने नौ सयदेखि एक हजार आठ सयसम्मको शुल्क लिने गरेको जनाइएको छ । विद्यालयले शुल्कअनुसारको सुविधा दिएका छन् कि छैनन् भन्ने विषयमा पनि अनुगमन हुने उनले बताए । निजी विद्यालयले जम्मा विद्यार्थीमध्ये १० प्रतिशतलाई छात्रवृत्ति दिनुपर्ने हुन्छ । तर त्यो दिएको देखिँदैन । 'कोही विद्यालयले एकै घरका तीनजना भर्ना भएमा एकजनालाई छुट दिएको, कसैले आफ्ना मान्छेलाई छुट दिएको, कसैलाई १० प्रतिशत छुट दिएको देखिन्छ', अधिकृत खड्काले भने, 'तर त्यसो गर्न मिल्दैन ।' दश प्रतिशतलाई शतप्रतिशत नै छुट दिनुपर्ने भए पनि त्यसरी दिएको नपाइएको उनको भनाइ छ । त्यसलाई पनि नियमन गर्ने कार्य भइरहेको उनको भनाइ छ । *-रासस*

## त्रिविद्वारा तीन महिनामै विद्यार्थीको नतिजा प्रकाशन



त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय (पनिका) ले तीन महिनाको अवधिमा तीन लाख ९२ हजार विद्यार्थीको नतिजा प्रकाशन गरेको छ ।

लामो समयदेखि रोकिएका परीक्षाको नतिजा धमाधम सार्वजनिक हुन थालेको हो । गत जेठ हालसम्म २५ विषयको तीन लाख ९२ हजार विद्यार्थीको नतिजा सार्वजनिक गरेको हो । परीक्षा नियन्त्रक पुष्पराज जोशीले कोरोना महामारीपछि रोकिएका नतिजाहरू धमाधम सार्वजनिक गर्न लागिएको बताए ।

पनिकाले साउन २ गतेदेखि ९ गतेसम्म भएको स्नातकोत्तर तह प्रथम वर्षको ६ वटा विषयको नतिजा सार्वजनिक गरिसकेको छ । ती विषयको नतिजा साउन १३ गतेभित्र नै सार्वजनिक गरिसकेको थियो । स्नातकोत्तर तह प्रथम वर्ष पोलिटिकल साइन्सको नतिजा त परीक्षा भएको ११ दिनमै सार्वजनिक गरेको थियो । एमए प्रथम वर्ष (पार्सियल) को नतिजा भने परीक्षा सकिएको ४ दिनमै सार्वजनिक गरेको थियो । अबदेखि परीक्षा सकिएको १०० दिनभित्रमा नतिजा सार्वजनिक गर्नेगरी पनिकाले काम गर्दै आएको छ ।

त्यसका लागि कर्मचारीलाई दैनिक १२ घण्टा काममा लगाउनेदेखि क्षेत्रीय कार्यालयहरूबाटै कापी परीक्षण लगायतको काम गर्न थालेको जोशीले बताए । *-रातोपाटी डटकम*

## विद्यालय शिक्षा : कसरी सुधार्ने गणित, विज्ञान र अंग्रेजीको नतिजा ?



यसपालिको एसईई परीक्षामा ४८ प्रतिशत र कक्षा १२ को परीक्षामा ५३ प्रतिशत मात्रै विद्यार्थी पास भएका छन् । पहिलेका वर्षहरूमा जस्तै यसपालि पनि गणित, विज्ञान, र अङ्ग्रेजी विषयमा धेरै विद्यार्थी फेल भएका छन् । यसले विद्यालय शिक्षा प्रणालीको कमजोरीलाई उजागर गरेको छ ।

गणित, विज्ञान र अङ्ग्रेजीमा धेरै विद्यार्थी फेल हुनुको मुख्य कारण सिकाउने विधिको कमजोरी हो । विद्यार्थीले पढ्ने र शिक्षकले पढाउने शैली नमिल्दा यो अवस्था आएको हो । हरेक विद्यार्थीले बुझेर पढ्ने तरिका फरक-फरक हुन्छ । विद्यार्थीले सिक्ने र शिक्षकले सिकाउने तरिका फरक छ । कसैले देखेर सिक्छन्, कसैले सुनेर सिक्छन्, कसैले गरेर सिक्छन् । शिक्षकहरूले विद्यार्थीको सिक्ने तरिका बुझेर त्यसअनुसार सिकाउन सकेका छैनन्, जसले गर्दा विद्यार्थीहरू समस्यामा परेका छन् । अर्को समस्या शिक्षण विधि परम्परागत र कम प्रभावकारी हुनु हो । गणित, विज्ञान, अंग्रेजी र सामाजिकजस्ता विषयहरूमा शिक्षकहरूले नयाँ र प्रभावकारी विधिहरू अपनाउन सकेका छैनन् । विद्यार्थीहरू प्रविधिबाट सिक्न चाहन्छन्, तर शिक्षकहरू बोर्डमा लेखेर पढाउँछन् । विद्यार्थीहरू घुलमिल हुन र अन्तरक्रिया गर्न रुचाउँछन्, तर शिक्षकहरू किताब पढाउनमा मात्र ध्यान दिन्छन् । प्रयोगात्मक र अन्तरक्रियात्मक शिक्षण विधिको अभावले गर्दा विद्यार्थीहरू विषयवस्तुमा रुचि लिन सक्दैनन् । परिणामस्वरूप गणित, विज्ञान र अंग्रेजीजस्ता विषयहरूमा बढी समस्या देखियो । उदाहरणका लागि मकै भुट्दा किन ठूलो भयो भन्ने कुरा विज्ञान हो भने कति ठूलो भयो भन्ने गणित हो । बाबु आमाको सम्बन्ध, दिदी बहिनी, दाजुभाइको सम्बन्ध, छिमेकी, नातागोता, नेताको सम्बन्ध लगायत समाजमा भएका कुराहरू नै सामाजिक ज्ञान हो । त्यसको अर्थतन्त्रसँगको, राजनीति लगायत समाजका अन्य विषयवस्तुसँगको सम्बन्ध नै सामाजिक शिक्षा हो । यी सबै कुराहरूलाई किताबमा समेटिएको हो । गणित विषयमा विद्यार्थीलाई घर नाप्न लगाउने हो, अंग्रेजीमा वस्तु देखाएर सिकाउने हो, सामाजिकमा समाजमै घुलमिल भएर सिकाउने हो । यसरी पढाउन सके विद्यार्थीले सजिलै र चाँडै सिक्न सक्छन् । तर किताब मात्रै पढाउँदा विद्यार्थीहरूले विषयको गहिरो बुझाइमा समस्या हुन्छ । त्यसैले, सही तरिकाले पढाउन नजान्दा नै विद्यार्थीलाई यी विषय गाह्रो भएको हो । विद्यार्थीले राम्रो गर्दा त्यसको श्रेय शिक्षकले नै पाउँछन् र असफल हुँदा पनि कारण शिक्षक नै हुन्छन् । शिक्षकले सरल तरिकाले विषयवस्तु बुझाउन असफल हुँदा विद्यार्थीहरूको प्रदर्शन कमजोर हुन्छ । विद्यार्थीलाई परीक्षाको लागि तयारी गर्न स्वत:स्फूर्त गराउनु शिक्षकको महत्त्वपूर्ण जिम्मेवारी हो । पढाइ बिग्रनुमा अभिभावकको कुनै दोष हुँदैन । धेरैले आफ्ना बालबालिकालाई राम्रो विद्यालयमा पढाउने विकल्प अपनाउँछन् र केहीले त राम्रो शिक्षा दिनकै लागि बसाइँसराई समेत गर्छन् । विद्यार्थीहरूको पनि कुनै दोष छैन । अतिरिक्त कक्षा लिने लोभमा केही विषयहरूलाई गाह्रो बनाइन्छ, तर पुस्ता फरक भइसकेपछि पढ्ने तरिका पनि फरक हुन्छ । अहिलेको पुस्ताले प्रविधिमा आधारित शिक्षा अपनाउँछ, जबकी हिजोका पुस्ताले किताबमा पढ्थे । अहिले हेरेर, खेलेर, र चलेर पढ्ने विधि प्रभावकारी छ । तर यो तरिका अपनाउन नसक्दा गडबड भएको हो । शिक्षकहरूले पनि नयाँ शिक्षण विधि अपनाउन नसक्नु अर्को समस्या हो । शिक्षकहरूले कमजोरीहरू पहिचान गरेर सुधार गर्नुपर्छ । शिक्षकले शिक्षामा आएको परिवर्तनलाई बुझेर परिस्थिति अनुसार बदलाब गर्न जान्नुपर्छ । शिक्षकलाई यो कुरा बुझाउन नसक्नु हामी सबैको कमजोरी हो । विद्यार्थीहरूको खराब नतिजाले उनीहरूको मनोवैज्ञानिक र शैक्षिक मात्र होइन, अभिभावकहरूमा सामाजिक र आर्थिक असर र शैक्षिक संस्थाहरूको प्रतिष्ठागत असर पनि पार्छ । यसले समाजमा समग्र शिक्षा प्रणालीप्रतिको विश्वासमा कमी ल्याउँछ । अहिले धेरै विद्यार्थी विदेशिनुको मुख्य कारण पनि यही विश्वासको कमी हो । अभिभावक र समाजले शिक्षाको गुणस्तरबारे सरकार र नेतृत्वमाथि प्रश्न उठाउनुको कारण यही हो । विद्यार्थीहरूलाई स्वदेशमै उचित अवसरहरू देखाउन सक्नुपर्छ, जुन सरकारी नीति तथा शिक्षण विधिमा सुधार हुन सके मात्रै सम्भव देखिन्छ । यस्तै पढाउने कला अर्थात् शिक्षण विधि सुधार गर्दा विद्यार्थीहरूको बुझाइ र सिकाइ प्रक्रियामा सकारात्मक परिवर्तन ल्याउँछ । प्रभावकारी शिक्षण विधि अपनाउँदा पाठ्यक्रमको कडाइले बाधा पुर्‍याउँदैन, बरु त्यस विधि अपनाएर विद्यार्थीहरूलाई गहिरो रूपमा विषयवस्तु बुझाउन सकिन्छ । जब शिक्षण विधि आकर्षक, अन्तरक्रियात्मक, र व्यावहारिक हुन्छ, विद्यार्थीहरूको रुचि र ध्यान बढ्छ, जसले उनीहरूको शैक्षिक प्रगति राम्रो हुन्छ ।

विद्यार्थीहरूको क्षमता र रुचिअनुसार व्यक्तिगत लक्ष्यहरू निर्धारण गर्नु शिक्षकको जिम्मेवारी हो । शिक्षकले विद्यार्थीहरूको रुचिअनुसारका कार्यहरूमा संलग्न गराउनुपर्नेछ, जसले उनीहरूलाई प्रगति र साना सफलताहरूको आनन्द लिन प्रेरित गर्छ । विद्यार्थीहरूको साना उपलब्धीहरूको प्रशंसा र पुरस्कारले उनीहरूको आत्मविश्वास र प्रेरणा बढाउँछ । परियोजना-आधारित सिकाइ, खेल खेल्दै सिकाइ, र समूहमा काम गर्ने जस्ता रचनात्मक विधिहरू अपनाएर विद्यार्थीहरूको रुचि र उत्साह बढाउन सकिन्छ । शिक्षक र विद्यार्थीबीचको स्वस्थ सम्बन्धले यस्तो सिकाइ वातावरणलाई सुधार्छ, जसले विद्यार्थीहरूको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्छ । नेपालको शिक्षा प्रणालीमा सरकारको प्रभाव निर्णायक हुन्छ र परीक्षाको नतिजा नराम्रो हुनुमा सरकारको दोष पनि महत्त्वपूर्ण छ । सरकारले शिक्षा क्षेत्रलाई प्राथमिकता नदिँदा समस्या उत्पन्न हुन्छ । शिक्षकहरूको कामको उचित मूल्याङ्कन र प्रशंसा गर्नु सरकारको जिम्मेवारी हो । एक शिक्षकले गरेको राम्रो कामबाट अर्को शिक्षकले प्रेरणा लिन सिक्न सक्छ, तर प्राविधिक सहयोगको अभावमा शिक्षकहरू नयाँ र प्रभावकारी शिक्षण विधिहरू अपनाउन सक्दैनन् । यसले शिक्षकको सिकाइ र क्षमता विकासमा कमी ल्याउँछ र विद्यार्थीहरूको सिकाइ प्रक्रियामा बाधा पुर्‍याउँछ, जसले गर्दा नतिजा कमजोर देखिन्छ । यसको दोष शिक्षकमाथि नै जान्छ, र परिवर्तनको लागि शिक्षक, शिक्षक महासैं, विज्ञ र सहयोगीहरूले ठोस पहल गर्न नसक्दा समस्याहरू जस्ताको तस्तै रहन्छन् । प्रविधिलाई व्यवस्थित गर्दै शिक्षकलाई नयाँ शिक्षण विधिहरूको सुझाव र सल्लाह प्रदान गर्नुपर्ने आवश्यकता छ । शिक्षकहरूलाई कसरी पढाउनुपर्छ भन्ने थाहा भए पनि वास्तविक कक्षाकोठामा यो विधि प्रभावकारी रूपमा लागू गर्न चुनौतीपूर्ण हुन्छ, जसका कारण विद्यार्थीहरूले प्रभावकारी सिकाइ अनुभव गर्न सक्दैनन् र नतिजा कमजोर रहन्छ । विद्यार्थीहरूले कसरी पढ्नु पर्छ भन्ने थाहा भए पनि उनीहरूको मानसिकता र प्रेरणामा कमी हुँदा अध्ययनमा ध्यान दिन सक्दैनन् । सरकारले शिक्षा नीति बनाउन सक्छ, तर यसको प्रभावकारी कार्यान्वयन कमी देखिन्छ, जसका कारण शिक्षा प्रणालीमा सुधार आउन सक्दैन र नतिजा कमजोर नै रहन्छ । सबै कुरा थाहा हुँदा पनि व्यावहारिक रूपमा लागू भएको छैन ।

शिक्षकहरूलाई नयाँ शिक्षण विधि अपनाउने र प्रविधिसँग जोडिने अवसर प्रदान गर्नु आवश्यक छ । यसका लागि शिक्षकहरूले गरेका उत्कृष्ट कामलाई अन्य शिक्षकहरूले पनि हेर्न र सिक्न सक्ने प्रविधि विकास गर्नुपर्छ । एक शिक्षकले राम्रो काम गर्दा, यसलाई अन्य शिक्षकहरूले अध्ययन र अपनाउन सक्ने व्यवस्था मिलाउनु महत्त्वपूर्ण छ । साथै, शिक्षकहरूको कामको मूल्याङ्कन र प्रशंसा गर्ने व्यवस्था स्थापना गर्नुपर्छ, जसले गर्दा उनीहरूको प्रेरणा र प्रयासलाई प्रोत्साहन दिन सकिन्छ । सिकाइ विधि, विद्यार्थीहरूको मानसिकता, नीति कार्यान्वयन र पारिवारिक वातावरणजस्ता विभिन्न कारणहरूले गर्दा सबै कुरा थाहा हुँदा पनि परीक्षा नतिजा सधैं कमजोर आउँछ । यी समस्याहरूलाई समाधान गर्न सबैको प्रयास आवश्यक छ, जसले शिक्षा प्रणालीलाई सुधार्न र विद्यार्थीहरूको शैक्षिक प्रगति सुनिश्चित गर्न मद्दत पुर्‍याउँछ ।

*-उज्यालो खबर डटकम*

# आज अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदै

**पाल्पा,** साउन २७/आज नेपालसहित विश्वभर 'अन्तर्राष्ट्रिय युवा दिवस' मनाइँदै छ । युवासँग सम्बन्धित विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । युवाका मुद्दा र सवाललाई सम्बोधन गर्ने उद्देश्यले सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवसको रुपमा मनाउने गरिन्छ ।

नेपालमा भने युवासँग काम गर्ने संघसंस्थाको अगुवाइमा पहिलो पटक सन् २००४ देखि दिवस मनाउन थालिएको हो । सरकारी स्तरमा परिषद्को अगुवाइमा विसं २०७३ देखि मनाउन थालिएको हो । सरकारले विसं २०७२ मा युवा परिषद् गठन गर्दै युवाको नेतृत्व विकासमा काम गर्दै आइरहेको छ । नेपालमा युवा दिवस मनाउन थालिएपछि युवाका मुद्दा केही न केही सम्बोधन हुन थालेका छन् तर युवालाई उच्च प्राथमिकतामा राखेर सरकारले धेरै कार्यक्रम ल्याए पनि ती कार्यक्रम प्रभावकारीरूपमा कायन्वयन नहुँदा युवा लाभान्वित बन्न सकेका छैनन् । युवाका मुद्दालाई सम्बोधन गर्न नेपालमा युवा विकास तथा परिचालनका लागि विसं २०६५ मा सरकारले युवा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय युवा नीति, २०७२ मा युवा विकासका व्यापक विषय वस्तुलाई नीतिगतरूपमा समावेश गरेको छ । यसैगरी सरकारले विसं २०७२ मा राष्ट्रिय युवा परिषद् गठन गर्दै युवाको नेतृत्व विकासमा काम गर्दै आइरहेको छ । नेपालमा कुल जनसंख्याको ४० दशमलव ३ प्रतिशत युवा रहेका छन् ।


## हार्दिक बधाई तथा शुभकामना



हाम्रा शुभेच्छुक, मित्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व, **लुम्बिनी प्रदेश सांसद माननीय खेमबहादुर सारू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री** जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

भिम राना — प्रिन्सिपल
नारायण थापा मगर — अध्यक्ष
एवं
**पाल्पा भुपू सैनिक स्कुल परिवार**
तानसेन-४, पाल्पा



## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१



मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६८, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



## हार्दिक बधाई तथा शुभकामना



हाम्रा शुभेच्छुक, मित्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व, **लुम्बिनी प्रदेश सांसद माननीय खेमबहादुर सारू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री** जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

अनुराधा शाक्य बज्राचार्य — प्रिन्सिपल
विरेन्द्र काजी शाक्य — अध्यक्ष
एवं
**बिजु इङ्गलिस बोर्डिङ्ग स्कुल परिवार**
तानसेन-२, पाल्पा
सम्पर्क नं.: ०७५-५२१०४७, ९८४७०९८२६५



## हार्दिक बधाई तथा शुभकामना



हाम्रा शुभेच्छुक, मित्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व, **लुम्बिनी प्रदेश सांसद माननीय खेमबहादुर सारू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री** जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

दुर्गा प्रसाद बस्याल — प्रिन्सिपल
भिम बहादुर श्रेष्ठ — अध्यक्ष
एवं
**पोलस्टार विज्डम सेकेण्डरी स्कुल**
तानसेन-७, प्रभास, पाल्पा


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अधि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
**कैलाशनगर मिडिया प्रा.लि.**
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## हार्दिक बधाई तथा शुभकामना



हाम्रा शुभेच्छुक, मित्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व, **लुम्बिनी प्रदेश सांसद माननीय खेमबहादुर सारू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री** जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

गोपाल पि.सी. — प्रिन्सिपल
केदारलाल श्रेष्ठ — अध्यक्ष
एवं
**पाल्पा आवासीय माध्यमिक विद्यालय परिवार**
तानसेन-३, पाल्पा



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई